"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

सूचना प्रकाशित मितिः २०७८/५/२४

पत्र संख्या (Let. No):
चलानी नं (Reg. No):

सूचना । सूचना ।। सूचना ।।।

यस महालक्ष्मी नगरपालिकाको आ.ब.२०७८/०७९ को कृषि बिकास तर्फको स्वीकृत देहाय बमोजिमका कार्यक्रमहरु कृषि पकेट क्षेत्रको अबधारणा बमोजिम संचालन हुने भएकोले ईच्छुक कृषक, कृषक समूह/सहकारी तथा निजी फर्महरुले तपशिल अनुसारको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समय भित्र यस नगरपालिकाको कृषि बिकास शाखामा रित पुर्वक निबेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*(क) संचालन हुने स्थान र कार्यक्रमहरु:*

१. ५०% मूल्य अनुदानमा तरकारी हाईब्रिड वीउ तथा तरकारी सिडकिट बितरण कार्यक्रम (वडा न.६-१० सम्म)
२. ५०% मूल्य अनुदानमा प्लाष्टिक सिट बितरण कार्यक्रम (वडा न.६-१० सम्म)
३. ५०% मूल्य अनुदानमा तरकारीको बजारीकरणको लागि डिजिटल तराजु बितरण कार्यक्रम (वडा न.६-१० सम्म)
४. बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित नगर प्रमुख युवा उधमशिलता कार्यक्रम संचालन (वडा न.६-१० सम्म)
५. ५०% मूल्य अनुदानमा फलफूलका लागि ग्रिन नेट बितरण कार्यक्रम (वडा न.७-१० सम्म)
६. ५०% मूल्य अनुदानमा गहुँको वीउ बितरण कार्यक्रम (वडा न.६-१० सम्म)
७. ५०% मूल्य अनुदानमा कौशी खेतीका लागि औजार उपकरण बितरण कार्यक्रम (वडा न.१-५ सम्म)
८. ५०% मूल्य अनुदानमा च्याउ खेतीका लागि प्लाष्टिक सिट बितरण कार्यक्रम (वडा न.८-९ सम्म)

*(ख) निबेदनका साथ पेश गर्नु पर्ने आबश्यक कागजातहरु:*

१. कार्यक्रम मागको निबेदन (कृषि बिकास शाखाबाट उपलब्ध हुने छ)
२. नागरिकताको प्रतिलिपी ।
३. समूह सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. समूह सहकारीको बैठकको निर्णय प्रतिलिपी ।
५. जग्गा धनी पुर्जा वा जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपी ।
६. निजि फर्मको हकमा अघिल्लो आ.ब.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र ।
८. बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित नगर प्रमुख युवा उधमशिलता कार्यक्रमको हकमा बैदेशिक रोजगारीमा गएर फर्केको प्रमाण (पासपोर्टको प्रतिलिपी) अनिबार्य पेश गर्नु पर्ने ।
९. बैदेशिक रोजगारी बाट फर्केका युवा लक्षित नगर प्रमुख युवा उधमशिलता कार्यक्रमको हकमा कम्तीमा ३ देखी ५ रोपनी क्षेत्रफलमा खेती गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

*(ग) कार्यक्रममा सहभागी छनौटमा प्राथमिकता:*

१. महालक्ष्मी नगरपालिकामा स्थायी वसोबास गरी कृषि पेशा गरेका कृषकहरु ।
२. बिदेशबाट रोजगारी गुमाई फर्केका ब्यक्तीहरु ।
३. नगरप्रमुख युवा उधमशीलता विकास कार्यक्रममा सहभागी उधमीहरु ।
४. नगरपालिकामा ब्यवसाय दर्ता गरी कृषि ब्यवसाय संचालन गरेका ब्यवसायीहरु ।
५. महिला,आदिवासी, जनजाती ,अपाङ्ग भएका ब्यक्ती तथा बिपन्न नागरिकहरु ।

*नोट:* कृषकले ब्यहोर्नु पर्ने रकम तथा थप जानकारीको लागि कृषि शाखामा सम्पर्क गर्नु हुन वा मोबाईल न. ९८४८३६८१०६/९८४२४२४७४७/९८४९१९१२६६/९८४३१९४५७६ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

२०७८/५/२४

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत